केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/६/०७४/७५ मिति: २०७४/०९/१३

**"घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु**

महाशय,

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुका प्रमुख कार्यकारी अधिकृत र संचालक समितिका सदस्यहरुको नियुक्ति सम्बन्धमा देहाय वमोजिमको नीतिगत व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

*१. इजाजतपत्रप्राप्त संस्थाको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति सम्बन्धमा देखिएका अस्वस्थ्य अभ्यासलाई नियमन गर्दै संस्थागत सुशासन कायम गर्न यस बैंकवाट इजाजतपत्रप्राप्त कुनै संस्थामा कार्यरत प्रमुख कार्यकारी अधिकृत जुनसुकै कारणले आफ्नो सेवाबाट निवृत्त भएपछि कम्तिमा ६ महिना अवधि पुरा गरेपछि मात्र यस बैंकबाट इजाजतपत्रप्राप्त अर्को कुनै पनि संस्थामा प्रमुख कार्यकारी अधिकृत हुन पाउने। साथै, इजाजतपत्रप्राप्त संस्थाको प्रमुख कार्यकारी अधिकृत आफ्नो पदावधि समाप्त नहुँदै जुनसुकै कारणवाट हटेमा त्यस्तो व्यक्ति पुनः सोही कार्यकाल वा ६ महिना नपुगी सोही इजाजतपत्रप्राप्त संस्थामा संचालक हुन नपाउने।*

*२. कुनै एउटा इजाजतपत्रप्राप्त संस्थामा संचालक रहेको व्यक्ति संचालक पदवाट जुनसुकै कारणवाट हटेमा कम्तिमा ६ महिनाको समय व्यतित नभई अर्को कुनै पनि इजाजतपत्रप्राप्त संस्थामा संचालक हुन नपाउने। तर स्वतन्त्र संचालकको हकमा यो व्यवस्था लागू नहुने।*

*३. इजाजतपत्रप्राप्त संस्थाको कुनै संचालक आफ्नो पदावधि समाप्त नहुँदै जुनसुकै कारणवाट हटेमा त्यस्तो व्यक्ति पुनः सोही कार्यकालभित्र सोही इजाजतपत्रप्राप्त संस्थामा संचालक पदमा निर्वाचित वा मनोनित हुन नपाउने।*

भवदीय,

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।